# नेपाल धितोपत्र बोर्ड

व्यवस्थापन तथा कानून विभाग
खुमलटार, ललितपुर
०१- ५२५४०५७, ५५४०५७

## सुरक्षाकर्मी सेवा खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८१/०४/१८)

यस नेपाल धितोपत्र बोर्डको कार्यालय सुरक्षाको लागि सुरक्षाकर्मी सेवा खरिद गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५औं दिन भित्र फर्म/कम्पनीको दर्ता/इजाजत प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, मु.अ.कर दर्ताको प्रमाणित प्रतिलिपि, आ.ब. २०७९/८० को कर चुक्ता प्रमाणको प्रतिलिपी र एक हजार रुपैयाँ (फिर्ता नहुने गरी) नेपाल धितोपत्र बोर्डको लक्ष्मी बैंक लिमिटेड, लगनखेल शाखामा रहेको खाता नं. ०१८११०३३२१४ मा नगदै वा विद्युतिय माध्यमबाट जम्मा गरी बैक भौचर/रसिद निवेदनसाथ संलग्न राखी यस कार्यालयबाट खरिद गरिएको सक्कलै दरभाउपत्रमा (बोर्डको वेवसाईटबाट डाउनलोड गरिएको दरभाउपत्र फाराम मान्य हुनेछैन) संलग्न शर्तहरु बमोजिम सुरक्षाकर्मीहरु आपूर्ति गराउन सक्ने दररेट भरी १५ औं दिन मिति २०८१/०४/३२ गते दिनको १:३० बजे भित्र रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । दरभाउपत्र पेश गर्ने अन्तिम दिनसम्म बोर्डमा प्राप्त सिलबन्दी दरभाउपत्र प्रस्तावहरु मिति २०८१/०४/३२ गते दिनको १:३५ बजे बोर्डको कार्यालयमा सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभएपनि) खोलिनेछ । यस सूचनाको विस्तृत विवरण बोर्डको वेवसाइट (www.sebon.gov.np) मा हेर्न सकिनेछ । थप जानकारीको लागि बोर्डको सामान्य प्रशासन शाखामा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

# सुरक्षाकर्मी सेवा खरिद सम्बन्धी

## सिलबन्दी दरभाउपत्र

२०८१ श्रावण


**नेपाल धितोपत्र बोर्ड**
खुमलटार, ललितपुर ।
फोन नं: ०१-५२५४०५७, ५५४४०५७

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

**बिषयः सुरक्षाकर्मी सेवा सम्बन्धि सिलबन्दी दरभाउपत्रमा भाग लिने बारे ।**

महोदय,

मैले/हामीले त्यस नेपाल धितोपत्र बोर्डबाट सुरक्षाकर्मी सेवा सम्बन्धी प्रस्तावमा उल्लेख भएको शर्तहरु राम्रोसँग अध्ययन गरी म/हामी तल सहिछाप गर्नेले **मासिक कुल जम्मा रकम कर सहित रु.** ................................(अक्षरुपी ............................................................................................ .............................................................................................................................. ............................................................................................................................... ..............................................................................................................................) मा बोर्डको कार्यालयमा चौविसै घण्टा भरपर्दो सुरक्षा सेवा प्रदान गर्न मञ्जुरी जनाई यो प्रस्ताव पेश गरेको छु । छौं ।

१. प्रस्तावमा उल्लेखित शर्तहरुको अधिनमा रही प्रस्तावसँग सम्बन्धित सम्पूर्ण शर्तहरु पुरा गर्नेछु/छौं ।
२. विना कारण जनाई आंशिक वा पुरा प्रस्ताव स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नेपाल धितोपत्र बोर्डमा निहित रहेकोमा म/हामीलाई मञ्जुरी छ ।
३. यस प्रस्तावमा उल्लेखित शर्तहरुमा कुनै किसिमको फरक पर्ने भएमा म/हामी जिम्मेवारी हुनेछु/छौं ।

प्रस्तावदाताको फर्मको नामः
ठेगानाः
पत्राचारको ठेगानाः
फोन नं.:
प्रोप्राइटरको नामः
आधिकारिक व्यक्तिको नामः
आधिकारिक हस्ताक्षरः
फर्मको छाप
मितिः

# नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर ।

## सुरक्षाकर्मी सेवा खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आह्वानको सूचना

*प्रथम पटक प्रकाशित मिति::२०८१।०४।१८*

यस नेपाल धितोपत्र बोर्डलाई सुरक्षा सेवा करारमा गराउनु पर्ने भएकोले ईच्छुक ईजाजत पत्रप्राप्त सुरक्षा सेवा प्रदान गर्ने फर्म/कम्पनीहरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ र नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४ को नियम १०९ को अधिनमा रहि सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०८१/०४/३२) सम्म कार्यालय समय भित्र नेपाल धितोपत्र बोर्ड सामान्य प्रशासन शाखाबाट दरभाउपत्र फाराम प्राप्त गर्न सकिनेछ । नेपाल धितोपत्र बोर्डको लक्ष्मी बैंक लिमिटेड, लगनखेल शाखामा रहेको बोर्डको खाता नं. ०१८११०३३२१४ मा रु १,०००।-(अक्षरुपी एक हजार मात्र फिर्ता नहुने) नगदै वा विद्युतीय माध्यमबाट जम्मा गरेको भौचरको प्रति, फर्म/कम्पनीको दर्ता/इजाजत प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, मु.अ.कर दर्ताको प्रमाणित प्रतिलिपि, आ.ब. २०७९/८० को कर चुक्ता प्रमाणको प्रतिलिपी सहित रितपूर्वकको निवेदन साथ दर्ता गरी दरभाउपत्र फाराम (विडिङ्ग डकुमेन्ट) प्राप्त गर्न सकिनेछ । सिलबन्दी दरभाउपत्र १५ औं दिन (मिति २०८१/०४/३२) को दिनको १:३० बजे भित्र दरभाउपत्र फाराममा उल्लेख गरिएको कागजात सहित रितपूर्वक दउभाउपत्र फाराम शुल्क बुझाई बोर्डबाट खरिद गरिएको सक्कलै दरभाउपत्र (बोर्डको वेवसाईटबाट डाउनलोड गरिएको दउभाउपत्र फाराम मान्य हुनेछैन) फाराम निवेदनको साथ दर्ता गर्न सकिनेछ । सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति २०८१/०४/३२ को दिन कार्यालय समय १:३० बजे भित्र बोर्डमा प्राप्त हुन आएका प्रस्तावहरु मिति २०८१/०४/३२ को दिनको १:३५ बजे सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभएपनि) खोलिनेछ । यस सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र सामान्य प्रशासन शाखा, नेपाल धितोपत्र बोर्डको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

| क्र.स. | विवरण | आवश्यक संख्या | सिलबन्दी दरभाउपत्र फाराम दस्तूर रकम | सिलबन्दी दरभाउपत्र जमानत रकम |
|---|---|---|---|---|
| Sealed Quotation No: 1/2081/82 | सुरक्षाकर्मी सेवा करारमा लिने | ४ | रु. १,०००।०० | रु. ४९,२००।०० |

सुरक्षाकर्मी सेवा खरिद सम्बन्धि कार्यक्षेत्रगत शर्तहरु (Term of Reference-TOR)

१. सुरक्षा सेवा कम्पनीले दिनुपर्ने सेवाहरु र सुरक्षाकर्मीको न्यूनतम योग्यताः

१.१. सेवादाता वा सेवा प्रदायकले १ बर्ष सम्मका लागि बोर्डको कार्यालयमा तीन जना सुरक्षाकर्मी विहान ८:०० बजे देखि बेलुका ८:०० सम्म १२ घण्टा र एक जना सुरक्षाकर्मी बेलुका ८:०० बजे देखि बिहान ८:०० सम्म १२ घण्टा को सेवा प्रदान गर्ने गरी जम्मा ४ (चार) जना सुरक्षाकर्मी सेवा उपलब्ध गराउनु पर्नेछ। थप संख्यामा सुरक्षाकर्मीहरु आवश्यक भएमा यसै दररेटमा नबढ्ने गरी थप संख्यामा समेत सुरक्षा सेवा दिनुपर्नेछ । साथै, सर्तहरु यथावत रहने गरी आगामी वर्षको लागि सम्झौता नविकरण गर्न सकिनेछ ।

१.२. सुरक्षाकर्मीहरु सैनिक, प्रहरी सेवाबाट कुनै वात वा कसुर नलागी अवकाश प्राप्त व्यक्ति हुनु पर्नेछ ।

१.३. सुरक्षाकर्मीको उमेर ५५ वर्षभन्दा बढी हुन नहुने ।

१.४. सुरक्षाकर्मी शारीरिक रुपमा तन्दुरुस्त, विश्वासिलो, भरपर्दो तथा मादक पदार्थ सेवन नगर्ने हुनुपर्नेछ ।

१.५. सुरक्षाकर्मीको लागि अनिवार्य रुपले कम्पनीको लोगो भएको युनिफर्म साथै सुरक्षा कार्यमा खटिँदा आवश्यक पर्ने हातहतियार (खुकुरी), टर्च, बुट, छाता, रेनकोट आदि सेवादाताले नै दिनुपर्नेछ ।

१.६. कुनै सुरक्षाकर्मीले आफ्नो डिउटी राम्रोसँग गरेको छैन भन्ने बोर्डलाई लागेमा सो को जानकारी बोर्डले सेवादातालाई गराएमा सेवादाताले सुरक्षाकर्मीलाई अविलम्ब बोर्डको सुरक्षा सेवाबाट हटाई नयाँ सुरक्षाकर्मी खटाउनुपर्नेछ। सो कार्य गर्न नसकेमा बोर्डले सुरक्षाकर्मी सेवा सम्बन्धि करार भंग गर्न सक्नेछ ।

१.७. काम विशेष वा अस्वस्थताको कारणले शिफ्ट ड्युटीमा रहेका सुरक्षाकर्मी ड्युटीमा आउन नसकेको अवस्थामा निजको सट्टा तुरुन्त अर्को सुरक्षाकर्मीको व्यवस्था गर्नुपर्ने छ। सेवादाताले तुरुन्त सो को जानकारी बोर्डलाई गराउनु पर्नेछ ।

१.८. सुरक्षाका निमित्त खटिने सुरक्षाकर्मीको व्यक्तिगत विवरण प्रथम पक्षलाई डिउटी शुरु गर्नु भन्दा अगाडी नै बुझाउनु पर्ने छ ।

१.९. सुरक्षा सेवा कम्पनीले सञ्चार साधन (Walkie Talkie) सञ्चालनको लागि सम्बन्धित निकायबाट इजाजत प्राप्त गरेको हुनुपर्नेछ। साथै, सो को प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ ।

१.१०. कामको सिलसिलामा काममा खटिएका सुरक्षाकर्मीको कुनै किसिमको दुर्घटना भएमा त्यस सम्बन्धि सम्पूर्ण जिम्मेवारी तथा जवाफदेहिता सेवादाता (सेवा प्रदायक) को हुनेछ। प्रचलित कानून बमोजिम त्यस सुरक्षाकर्मीको विमा अनिवार्य रुपमा सेवादाताले गर्नुपर्नेछ ।

१.११. सेवादाताले प्रस्तावमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी प्रति सुरक्षाकर्मीको मासिक पारिश्रमिक दर उपलब्ध गराउनु पर्नेछ । उक्त प्रस्तावित रकममध्ये बोर्डमा खटिने सुरक्षाकर्मीलाई श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी पारिश्रमिक प्रदान गर्नुपर्ने छ । उल्लेखित पारिश्रमिक वाहेक अन्य कुनै पनि थप वित्तीय सुविधा प्रदान गरिने छैन। कुनै कारणले सरकारले निर्धारण गरेको पारिश्रमिक, सेवा, सुविधाहरु कमि हुन गएमा सो समेत थप गरी सेवा प्रदायक कम्पनीले नै आफ्नो श्रमिकहरुलाई प्रदान गर्नुपर्नेछ । सुरक्षाकर्मीलाई पारिश्रमिक भुक्तानी गर्दा नेपाल सरकारलाई तिर्नुपर्ने सम्पूर्ण कर सेवा प्रदायक कम्पनीले नै तिर्नुपर्नेछ ।

१.१२. सेवादाता र सेवादाताले नियुक्त गरेका सुरक्षाकर्मी बीच श्रम, श्रम भुक्तानी एवं श्रम ऐन सम्बन्धि कुनै पनि विवाद उत्पन्न भई कार्यमा रोकावट हुन गएमा सो को जिम्मेवार सेवा प्रदाय स्वयम् हुनेछ ।

२. सुरक्षाकर्मीले सम्पादन गर्नु पर्ने कार्यहरुः

२.१. नेपाल धितोपत्र बोर्डको कार्यालयको सुरक्षाको सम्पूर्ण जिम्मेवारी सुरक्षा सेवादाताबाट खटिएका सुरक्षाकर्मीहरुको हुनेछ ।

२.२. नेपाल धितोपत्र बोर्डको परिचयपत्र हेरी बोर्डको कर्मचारी यकिन गरेपछि कार्यालय भित्र प्रवेश गर्न दिने, बोर्ड बाहिरका व्यक्तिहरुलाई बोर्डको कामको आधारमा रजिस्टरमा निजको नाम, ठेगाना, बोर्डमा आउनुपर्ने काम, आएको समय तथा हस्ताक्षर स्पष्टसँग गराई मात्र प्रवेश दिने तथा निज व्यक्ति बाहिर निस्केपछि निस्केको समय समेत स्पष्ट रुपमा रजिष्टरमा उल्लेख गर्ने ।

२.३. बोर्ड कम्पाउण्ड भित्र कुनै सामान स्टोर गर्न ल्याएमा अधिकार प्राप्त अधिकारीहरुको स्वीकृती बेगर राख्न नदिने । बोर्ड कम्पाउण्ड भित्रको कुनै सामान स्वीकृत गेटपास वीना उठाउन वा बाहिर जान नदिने ।

२.४. कुनै पनि सवारी साधन कार्यालय क्षेत्र भित्र पसेको र बाहिर निस्केको समय टिप्ने तथा गाडीमा रहेको सामान निरीक्षण गर्ने र गेटपासमा उल्लेखित सामान बाहेक अन्य सामान बाहिर जान नदिने ।

२.५. बोर्ड कार्यालय क्षेत्रमा रहेका उपकरणहरु, सामानहरु तथा स्टोरको सामान जिम्मेवारी पूर्वक सुरक्षा गर्ने ।

२.६. आवश्यकताअनुसार मूल गेट खोल्ने र बन्द गर्ने ।

२.७. बोड कार्यालय हातामा बारम्बार राउन्ड लगाउने ।

२.८. कार्यालयको सुरक्षा कुन किसिमले गर्न सकिन्छ ती सम्पूर्ण उपाय सहित सुरक्षा गर्ने साथै बोर्डको भैपरिआउने अन्य कार्यहरु गर्ने ।

३. सिलबन्दी दरभाउपत्रका साथमा माथि उल्लेख भए बमोजिमको सिलबन्दी दरभाउपत्रको जमानत (विड बण्ड) वापतको रकम यस बोर्डको लक्ष्मी बैंक लिमिटेड, लगनखेल शाखामा रहेको बोर्डको खाता नं. ०१८११०३३२१४ मा जम्मा गरेको भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त वाणिज्य बैंकले यस बोर्डको नाममा जारी गरिएको न्युनतम ७५ (पचहत्तर) दिनको मान्य अवधि भएको सिलबन्दी दरभाउपत्र जमानत संलग्न गर्नु पर्नेछ । साथै यस दरभाउपत्रको मान्य अवधि सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ४५ दिनको हुनेछ ।

४. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न आउंदा सिलबन्दी दरभाउपत्रदाताले निवेदनका साथ अद्यावधिक भएको कम्पनी/फर्म दर्ता प्रमाणपत्र, ईजाजत पत्र, मू.अ.कर दर्ता प्रमाणपत्र तथा आर्थिक वर्ष २०७९/०८० सम्मको कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

५. खरिद भएको सिलबन्दी दरभाउपत्र फाराममा सम्पूर्ण विवरण भरी सिलवन्दी गरी खाम वाहिर आफनो कम्पनी/फर्मको नाम, ठेगाना, सिलबन्दी दरभाउपत्र नं र सम्पर्क नम्बर स्पष्ट उल्लेख गरी प्रथम पटक सूचना प्रकाशित मितिले १५ औं दिन मिति २०८१/०४/३२ गते दिनको १.३० बजे भित्र (सो दिन बिदा परेमा त्यसपछि कार्यालय खोलेको दिनको १.३० बजे भित्र) बोर्डमा दर्ता गरी सक्नुपर्नेछ । बोर्डमा प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्र प्रस्तावहरु मिति २०८१/०४/३२ को दिनको (सो दिन बिदा परेमा त्यसपछि कार्यालय खोलेको दिनको १:३५ बजे) १:३५ बजे सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभएपनि) खोलिनेछ । सिलबन्दी दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६. सिलबन्दी दरभाउपत्रदाताबाट सिलबन्दी दरभाउपत्रमा उल्लेखित मूल्य अभिवृद्धि कर (VAT) बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ (सो दर रेट अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ) । त्यसपछि भ्याट रकम उल्लेख गर्नुपर्नेछ । केरमेट भएमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

७. सिलबन्दी दरभाउपत्रदाताले यस सिलबन्दी दरभाउपत्रमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र यस पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वघोषणा पेश गर्नुपर्नेछ ।

८. म्याद नाघि आएको, रीत नपुगेको, शर्त राखि पेश भएको, झूटा विवरण पेश गरेको र सिलबन्दी दरभाउपत्र कागजातमा उल्लेख गर्नुपर्ने विवरणहरु उल्लेख नगरेको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बोर्डमा निहित रहनेछ ।

१०. सिलबन्दी दरभाउपत्र सम्वन्धी शर्तहरु सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भएका विषयहरु यही सिलबन्दी दरभाउपत्र कागजात बमोजिम तथा सिलबन्दी दरभाउपत्रमा उल्लेख नभएका विषयहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४ र अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

११. सिलबन्दी दरभाउपत्र सम्वन्धमा थप जानकारी चाहिएमा बोर्डको जनशक्ति तथा सामान्य प्रशासन शाखा, खुमलटार, ललितपुरमा कार्यालय समयभित्र फोन न.: ०१-५२५४०५७ एक्सटेन्सन नं. ३०४, ३०५ सम्पर्क राख्न सकिनेछ । सिलबन्दी दरभाउपत्र सम्वन्धी सूचना यस बोर्डको वेबसाईट www.sebon.gov.np मा समेत हेर्न सकिनेछ ।

सामान्य प्रशासन शाखा

# नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर ।

## सुरक्षाकर्मी सेवा खरिद गर्ने बारेको सिलवन्दी दरभाउपत्र प्रस्तावको निवेदन ।

| | |
|---|---|
| **सिलबन्दी दरभाउपत्र खुल्ला भएको मिति** | : २०८१/०४/१८ |
| **सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति** | : २०८१/०४/३२ गते दिनको १:३० बजेभित्र । |
| **सिलबन्दी दरभाउपत्र फाराम पेश गर्ने अन्तिम मिति** | : २०८१/०४/३२ गते दिनको १:३० बजेभित्र । |
| **सिलबन्दी दरभाउपत्र खोल्ने मिति र समय** | : २०८१/०४/३२ गते दिनको १:३५ बजे । |
| **सिलबन्दी दरभाउपत्र खोल्ने स्थान** | : नेपाल धितोपत्र बोर्डको कार्यालय, खुमलटार, ललितपुर । |

नेपाल धितोपत्र बोर्डलाई आवश्यक सुरक्षाकर्मी सेवा खरिद (संख्या ४ जना) गर्नको लागि मिति २०८१/०४/१८ गतेको गोरखापत्रमा प्रथम पटक प्रकाशित सिलबन्दी दरभाउपत्रको सूचना र यसै साथ संलग्न फाराममा उल्लेखित शर्तहरुको अधिनमा रही देहाय बमोजिमको दर रेटमा सुरक्षाकर्मी (सेवा) आपूर्ति गर्न मन्जुर भएकोले यो सिलबन्दी दरभाउपत्र पेश गरेको छु/छौं ।

नेपाल धितोपत्र बोर्ड ।
खुमलटार, ललितपुर
विषय: सुरक्षाकर्मी सेवा प्रदान गर्ने सम्बन्धि सिलबन्दी दरभाउपत्रको परिमाण मूल्य पत्र
(Bill of Quantity-BOQ)

| सि.नं. | विवरण | संख्या<br>(क) | कबोल रकम दर प्रति महिना प्रति सुरक्षाकर्मी |  | कुल रकम अंकमा<br>(क × ख) |
|---|---|---|---|---|---|
|  |  |  | अंकमा रु<br>(ख) | अक्षरमा रु |  |
| १. | बोर्डको कार्यालयमा तीन जना सुरक्षाकर्मी विहान ८:०० बजे देखि बेलुका ८:०० सम्म १२ घण्टा र एक जना सुरक्षाकर्मी बेलुका ८:०० बजे देखि बिहान ८:०० सम्म १२ घण्टा को सेवा प्रदान गर्ने गरी जम्मा ४ (चार) जना सुरक्षाकर्मी सेवा | ४ |  |  |  |
| मासिक जम्मा रकम (अंकमा) |  |  |  |  |  |
| मासिक मूल्य अभिवृद्धि कर १३% (अंकमा) |  |  |  |  |  |
| मासिक कुल जम्मा रकम कर समेत रु (अंकमा) |  |  |  |  |  |

मासिक कुल जम्मा रकम कर समेत रु (अक्षरमा)
……………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………

**(नोटः नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी प्रस्ताव गर्नुपर्नेछ । सो बमोजिम प्रस्ताव गरेको नपाईएमा उक्त सिलबन्दी दरभाउपत्र प्रस्ताव स्वतः रद्द हुनेछ ।)**

फर्म /कम्पनीको नाम :-
स्थायी ठेगाना :-
फर्म /कम्पनीको तर्फवाट अख्तियारवालाको :
दस्तखत :-
पूरा नाम :-
मिति :-
फोन नं. :-
फ्याक्स नं. :-
इमेल :-

फर्मको छाप :-

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

**विषयः स्व-घोषणा पत्र सम्बन्धमा ।**

महोदय,

म/हामी यो घोषणा गर्दछु/गर्दछौं कि नेपाल धितोपत्र बोर्डमा सुरक्षाकर्मी सेवा प्रदान गर्ने बारेको सिलबन्दी दरभाउपत्रको शर्तमा उल्लेख भए बमोजिम यो खरिद कारवाहीमा भाग लिन हरतरहले योग्य रहेको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो वा आफ्नो फर्मको स्वार्थ नबाझिएको, कर्जा सूचना केन्द्रको कालोसुचीमा नपरेको र पेशा तथा व्यबसाय सम्बन्धी कसूरमा आफूले हालसम्म कुनै सजाय नपाएको लिखित स्वघोषणा गर्दछु/गरेका छौं ।

फर्म/कम्पनीको नामः

पूरा ठेगानाः

संचालक वा प्रोप्राईटरको पूरा नामः

संचालक वा प्रोप्राईटरको दस्तखतः

फर्म/कम्पनीको तर्फबाट अख्तियारी प्राप्त व्यक्तिको पुरा नामः

अख्तियारी प्राप्त व्यक्तिको दस्तखतः

मितिः                                        फर्म/कम्पनीको छापः

फोन नं.:

फ्याक्स नः

इमेल ठेगाना

इति सम्बत २०८१ साल ...............महिना ....... गते रोज ... शूभम् ।

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

**विषयः प्रतिवद्धता सम्बन्धमा ।**

महोदय,

म/हामी यो प्रतिवद्धता गर्दछु/गर्दछौं कि नेपाल धितोपत्र बोर्डमा बाह्र घण्टाको दरले चार जना सुरक्षाकर्मी सेवा प्रदान गर्ने सम्बन्धमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी प्रस्ताव पेश गरेको छु। साथै उक्त प्रस्तावित रकममध्ये यस कम्पनीबाट नेपाल धितोपत्र बोर्डमा खटिने सुरक्षाकर्मीलाई नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी देहायानुसारको पारिश्रमिक प्रदान गर्ने व्यहोरा प्रतिवद्धता गर्दछु/गरेका छौं ।

प्रति सुरक्षाकर्मी प्रति महिना प्रस्ताव गरेको पारिश्रमिक रकम भ्याट सहित (अंकमा):................................

उक्त प्रस्तावित रकम मध्ये नेपाल धितोपत्र बोर्डमा खटिने प्रति सुरक्षाकर्मीलाई प्रति महिना कर सहित (श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले मिति २०८०/०४/३२ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिमको न्यूनतम पारिश्रमिक सेवा तथा सुविधाको टररेट भन्दा कम नहुने गरी) प्रदान गर्ने पारिश्रमिक (अंकमा): ..........................................................................

फर्म/कम्पनीको नामः

पूरा ठेगानाः

संचालक वा प्रोप्राईटरको पूरा नामः

संचालक वा प्रोप्राईटरको दस्तखतः

फर्म/कम्पनीको तर्फबाट अख्तियारी प्राप्त व्यक्तिको पुरा नामः

अख्तियारी प्राप्त व्यक्तिको दस्तखतः

मितिः फर्म/कम्पनीको छापः

फोन नं.:

फ्याक्स नः

इमेल ठेगाना

इति सम्बत २०८१ साल ...............महिना ....... गते रोज ... शूभम् ।

## १. सिलबन्दी दरभाउपत्रका शर्तहरुः

### १.१ सिलबन्दी दरभाउपत्रदातालाई निर्देशन

१.१.१ सिलबन्दी दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्रको सिलवन्दी खामको बाहिरपट्टि शिरमा "नेपाल धितोपत्र बोर्डको कार्यालयमा सुरक्षाकर्मी सेवा प्रदान गर्ने बारेको सिलबन्दी दरभाउपत्र" भनी लेख्नुका साथै खामको तल सिलबन्दी दरभाउपत्रदाताको स्पष्ट नाम, ठेगाना र टेलिफोन नम्बर लेखी खाम सिलबन्दी गरी लाहाछाप लगाई नेपाल धितोपत्र बोर्ड खुमलटार, ललितपुरमा बुझाउनुपर्नेछ ।

१.१.२ सिलबन्दी दरभाउपत्रदाताले बोलकबोल रकम अंक र अक्षरमा स्पष्ट लेख्नुको साथै जम्मा रकम समेत उल्लेख गर्नु पर्नेछ । साथै सिलबन्दी दरभाउपत्र पेश गर्दा दर देखिनेमा दर, जम्मा देखिनेमा जम्मा र दर र जम्मा दुवै देखिनेमा दुवै खोली अंकलाई अक्षर समेतले बोलाई लेख्नु पर्नेछ । सो लेख्दा भरसक नविराइकन स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ । कथंकथाचित गल्ती भई सच्याउनु परेमा अंक र अक्षर खुर्कनु, मेट्नु हुदैन । गल्ती भएको अंक र अक्षर पढ्न सकिने गरी एउटा धर्सोले काटी थप्नुपर्ने भएमा थप चिन्ह प्रयोग गरी जे लेख्नु पर्ने हो सो लेखी थप गरेको तथा काटेको ठाउंमा समेत अरु अंक र अक्षर थपघट गर्न नमिल्ने गरी अगाडि र पछाडि सहिछाप गरेको हुनुपर्नेछ । सो वमोजिम नभएको सिलबन्दी दरभाउपत्रलाई मान्यता दिइने छैन ।

१.१.३ नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी प्रस्ताव गर्नुपर्ने । सो बमोजिम प्रस्ताव नगरेमा उक्त सिलबन्दी दरभाउपत्र प्रस्ताव स्वतः रद्द हुनेछ ।

१.१.४ सिलबन्दी दरभाउपत्रदाताले अनिवार्य रुपमा बोर्डबाट सही छाप भएको आफ्नै नाममा खरिद गरेको सक्कलै सिलबन्दी दरभाउपत्र फाराम भरी पेश गर्नु पर्नेछ। फोटोकपी गरी वा अन्य कुनै तरिका अपनाई सिलबन्दी दरभाउपत्र पेश गरेमा सिलबन्दी दरभाउपत्र रद्ध गरिनेछ।

१.१.५ सिलबन्दी दरभाउपत्रका साथ सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्दा बोर्डबाट उपलब्ध गराईएको सक्कलै रसीद अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।

१.१.६ सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भएका शर्तहरु बाहेक सिलबन्दी दरभाउपत्रदाताले आफ्नै तर्फबाट कुनै शर्त राखी सिलबन्दी दरभाउपत्र पेश गरेमा सो सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१.१.७ सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति र दरभाउपत्र खोलिने मिति सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

१.१.८ सिलबन्दी दरभाउपत्रदाताले आफुले पेश गरेको सिलबन्दी दरभाउपत्र फिर्ता लिन वा संशोधन गर्न पाउने छैन ।

१.१.९ सिलबन्दी दरभाउपत्र फाराममा उल्लेखित कवोल अंक (मु.अ.कर सहित) अन्तिम मूल्य हुने हुंदा सम्झौता अवधिभर घटीबढी गर्न पाइने छैन ।

१.१.१० सिलबन्दी दरभाउपत्रदाताले बोल रकम नेपाली मुद्रामा उल्लेख गर्नुपर्नेछ। विदेशी मुद्रामा उल्लेखित बोल रकमलाई मान्यता दिइने छैन ।

१.१.११ सिलबन्दी दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र तथा सोसंग सम्वन्धित कागजातहरु पेश गर्दा फर्म वा कम्पनीको प्रोप्राइटर, संचालक वा अख्तियार प्राप्त व्यक्तिले सिलबन्दी दरभाउपत्र फाराम र

सिलबन्दी दरभाउपत्रसाथ पेश हुने कागजातहरुको प्रत्येक पानामा तथा सिलवन्दी खाममा दस्तखत गरी आफ्नो कार्यालयको छाप समेत अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

१.१.१२ सिलबन्दी दरभाउपत्रको मान्य अवधि सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिले पैंतालिस (४५) दिनको हुनेछ ।

१.१.१३ कुनै कारणवस शर्त नं. १.१.१२ बमोजिम सिलबन्दी दरभाउपत्रको मान्य अवधि भित्रमा खरिद सम्झौता गर्न नसकिने भएमा बोर्डले रीत पुगेका सबै सिलबन्दी दरभाउपत्रदाताहरूलाई सिलबन्दी दरभाउपत्रको मान्य अवधि बढाउन लिखित अनुरोध गर्न सक्नेछ । यसरी बोर्डले गरेको अनुरोध बमोजिम सिलबन्दी दरभाउपत्रको मान्य अवधि बढाउने वा नबढाउने अधिकार सिलबन्दी दरभाउपत्रदातामा निहित रहनेछ । सिलबन्दी दरभाउपत्रको मान्य अवधि नबढाउने सिलबन्दी दरभाउपत्रदाताको सिलबन्दी दरभाउपत्र जमानत जफत हुने छैन । सिलबन्दी दरभाउपत्रको मान्य अवधि बढाउन चाहने सिलबन्दी दरभाउपत्रदाताले सोही अनुरुप सम्बन्धित बैंक वा वित्तीय संस्थाबाट सिलबन्दी दरभाउपत्र जमानतको मान्य अवधि थप गरी पेश गर्नु पर्नेछ । सिलबन्दी दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र जमानतको मान्य अवधि थप गरी पेश नगरेमा सिलबन्दी दरभाउपत्रको मान्य अवधि बढाएको मानिने छैन ।

१.१.१४ कुनै कारणवश सिलबन्दी दरभाउपत्रमा गल्ति हुन गएको खण्डमा त्यस्तो गल्तिको फाइदा सिलबन्दी दरभाउपत्रदाताले लिन पाउने छैन । कथंकदाचित कुनै सिलबन्दी दरभाउपत्रदाताबाट त्यस्तो गल्ति भएको भेट्टाएमा सोको लिखित जानकारी बोर्डलाई दिनु पर्नेछ । त्यस्तो जानकारी बोर्डमा प्राप्त हुन आएमा र बोर्डले आवश्यक देखेमा आवश्यक संशोधन गरी सबै सिलबन्दी दरभाउपत्रदातालाई सुचना गर्नेछ ।

१.१.१५ सिलबन्दी दरभाउपत्र पेश गर्ने मिति अगावै कुनै पनि समयमा बोर्डले सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातमा कुनै संशोधन गर्न आवश्यक देखेमा बोर्डले पुरक-अंश (Addenda) जारी गरी सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातमा संशोधन गर्न सक्ने छ । यसरी जारी गरिएको पुरक-अंश (Addenda) सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातको अभिन्न अंग मानिने छ साथै यसको लिखित जानकारी सबै सिलबन्दी दरभाउपत्र खरिदकर्तालाई उपलव्ध गराइने छ ।

१.१.१६ तोकिएको अवधि नाघी प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु उपर कुनै कारवाही हुने छैन र त्यस्ता सिलबन्दी दरभाउपत्रहरु नखोली सम्बन्धित सिलबन्दी दरभाउपत्रदाताहरुलाई फिर्ता गरिनेछ ।

## १.२ सिलबन्दी दरभाउपत्रदाताको ग्राह्यता सम्बन्धी आधारहरु

१.२.१ सिलबन्दी दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र र सो सँग सम्वन्धित कागजातहरु सिलवन्दी खाममा राखी लाहाछाप गरी बोर्डसमक्ष पेश गर्नु पर्नेछ ।

१.२.२ सिलबन्दी दरभाउपत्र फारामका साथ निम्न बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

(क) नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भई अद्यावधिक भएको फर्म/कम्पनी वा संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) अद्यावधिक भएको व्यवसाय गर्ने ईजाजतपत्रको प्रमाणित प्रतिलिपि,

(ग) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर (प्यान) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) आर्थिक वर्ष २०७९/०८० को कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ङ) सिलबन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यबसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखत स्व-घोषणा पत्र,

(च) कार्यक्षेत्रगत शर्तहरु (Terms of Reference-TOR) तथा सो संग सम्वन्धित कागजातहरु संलग्न गर्नु पर्नेछ ।

(छ) सिलबन्दी दरभाउपत्र फाराम साथ सिलबन्दी दरभाउपत्र जमानत वापतको रकम लक्ष्मी बैंक लिमिटेड, लगनखेल शाखामा रहेको बोर्डको खाता नं. ०१८११०३३२१४ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बोर्डको नाममा जारी भएको न्यूनतम ७५ (पचहत्तर) दिनको मान्य अवधि भएको सिलबन्दी दरभाउपत्र जमानत (विडबण्ड) संलग्न गर्नु पर्नेछ ।

(ज) तोकिएको म्यादभित्र सिलबन्दी दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र फाराम पेश गर्नु पर्नेछ ।

(झ) फर्म, संस्था वा कम्पनीको तर्फबाट सिलबन्दी दरभाउपत्र तथा सोसँग सम्बन्धित कागजातहरुमा दस्तखत गर्न र सिलबन्दी दरभाउपत्र सम्बन्धी कार्वाहीमा भाग लिन प्रदान गरेको अख्तियारी पत्र ।

(ञ) नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी सिलबन्दी प्रस्ताव पेश गरेको प्रतिवद्वता पत्र । साथै उक्त प्रस्तावित रकममध्ये बोर्डमा खटिने सुरक्षाकर्मीलाई श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी पारिश्रमिक प्रदान गर्ने प्रतिवद्वता पत्र ।

## १.३ सिलबन्दी दरभाउपत्र खोल्ने मिति, स्थान र समय

१.३.१ सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भए बमोजिमको मितिभित्र पेश भएका रितपुर्वकका सिलबन्दी दरभाउपत्रहरु सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा सिलबन्दी दरभाउपत्रमा उल्लेखित मिति, समय र स्थानमा खोलिनेछ।(सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न वाधा पर्नेछैन )

१.३.२ सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिन वा सिलबन्दी दरभाउपत्र खोलिने दिनमा सार्वजनिक बिदा पर्न गएमा बिदा पश्चात् कार्यालय खुल्ने पहिलो दिनमा सिलबन्दी दरभाउपत्र बुझिने वा खोलिने छ ।

## १.४ सिलबन्दी दरभाउपत्र मूल्यांकन गर्ने प्रक्रिया

सिलबन्दी दरभाउपत्रको मूल्यांकन प्रक्रिया देहाय अनुसार गरिनेछः

१.४.१ सिलबन्दी दरभाउपत्रको पूर्णताको परीक्षण

सिलबन्दी दरभाउपत्रको सर्वप्रथम पूर्णताको परीक्षण गरिनेछ । पूर्णताको परीक्षणमा सफल सिलबन्दी दरभाउपत्रको मात्र क्रमशः प्राविधिक, व्यापारिक र आर्थिक पक्षको मुल्याङ्कन गरिनेछ । यस्तो मुल्याङ्कन गर्दा प्राविधिक र व्यापारिक पक्षको मुल्यांकनमा सफल भएका सिलबन्दी दरभाउपत्रदाता मध्ये न्युन मुल्याङ्कित बोल अंक कबोल गर्ने सिलबन्दी दरभाउपत्रदाताको योग्यता तोकिए बमोजिमको पाइएमा त्यस्तो सिलबन्दी दरभाउपत्रदाताको सिलबन्दी दरभाउपत्रलाई न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही सिलबन्दी दरभाउपत्र मानिनेछ ।

तर, उपर्युक्त बमोजिम योग्यता परीक्षण गर्दा त्यस्तो न्युन मुल्याङ्कित बोल अंक कबोल गर्ने सिलबन्दी दरभाउपत्रदाताको योग्यता तोकिए बमोजिमको नपाइएमा निजको सिलबन्दी दरभाउपत्र मुल्याङ्कनबाट हटाई क्रमशः अर्को न्युन मुल्याङ्कित बोल अंक कबोल गर्ने सिलबन्दी दरभाउपत्रदाताको योग्यताको परीक्षण सोही बमोजिम गरिनेछ । साथै सिलबन्दी दरभाउपत्रको पूर्णताको परीक्षणमा सफल सिलबन्दी दरभाउपत्रदाताको प्राविधिक, व्यापारिक र आर्थिक पक्षको मूल्यांकन देहायको आधारमा गरिने भएकोले देहायमा उल्लेख भएका विवरणहरु सिलबन्दी दरभाउपत्रका साथ पेश गर्नु पर्नेछ ।

१.४.२ सिलबन्दी दरभाउपत्रको मूल्यांकन

बोर्डवाट प्रकाशित सुचना तथा यो सिलबन्दी दरभाउपत्रमा उल्लेख भएको शर्तअनुसार सिलबन्दी दरभाउपत्रहरुको देहायको आधारमा मूल्यांकन गरिनेछ साथै सो योग्यता पुष्टी गर्ने पर्याप्त कागजातहरु सिलबन्दी दरभाउपत्रदाताले पेश गर्नु पर्नेछ ।

(क) सेवादाता फर्म वा कम्पनी विगत ७ वर्षदेखी सञ्चालनमा रहेको हुनुपर्नेछ ।

(ख) विगत ३ आर्थिक वर्षमध्ये कम्तिमा २ वर्ष खुद सम्पत्ती धनात्मक रहेको हुनुपर्नेछ ।

(ख) विगत ३ वर्षको औषत कारोबार न्यूनतम् रु १० करोड हुनुपर्ने ।

(ग) विगत २ वर्षमा सरकारी निकाय/संस्थामा सेवा प्रदान गरेको हुनुपर्ने ।

(घ) नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी बोर्डमा सिलबन्दी दरभाउ प्रस्ताव गरेको हुनुपर्ने छ । साथै उक्त प्रस्तावित रकममध्ये बोर्डमा खटिने सुरक्षाकर्मीलाई श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी पारिश्रमिक प्रदान गर्ने प्रतिवद्वता पेश गरेको हुनुपर्नेछ ।

(ङ) कम्पनीले प्रचलित नियमानुसार स्वीकृति लिई आन्तरिक सञ्चार सेट (Walkie-Talkie) सञ्चालनमा ल्याएको हुनुपर्ने ।

(छ) कम्पनी अनिवार्य रुपमा सामाजिक सुरक्षा कोषमा आवद्ध/दर्ता भएको हुनुपर्नेछ ।

(ज) सिलबन्दी दरभाउपत्रदाताले पेश गरेको कबोल रकम उल्लेख गर्दा अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । साथै परिमाण र दर अनुसारको जम्मा मूल्य फरक परी सिलबन्दी दरभाउपत्र पेश हुन आएमा परिमाण र दर अनुसारको रकम बोर्डले मिलान गर्न सक्नेछ । यसैगरी कुल जम्मा रकममा गणितीय त्रुटी भएमा समेत त्यस्तो त्रुटीलाई बोर्डबाट सच्याई मिलाउन सकिनेछ ।

(झ) नेपाल धितोपत्र बोर्डमा प्राप्त सिलबन्दी दरभाउपत्र प्रस्तावहरु प्राविधिक रुपमा सारभूत प्रभावग्राही भएकामध्ये एकभन्दा बढी कम्पनीहरुले पेश गरेको आर्थिक प्रस्ताव एउटै रकम हुन गएमा विगत तीन बर्षको औषत खुद सम्पत्तिको आधारमा छनौट गरिनेछ ।

(ञ) सामान्यतया रीत पुगेका प्रभावग्राही सिलबन्दी दरभाउपत्रहरुमध्ये सबैभन्दा कम अंक कवोल गर्ने सिलबन्दी दरभाउपत्रदाताको सिलबन्दी दरभाउपत्र स्वीकृतिको लागि छनौट गरिनेछ । यसरी छनौट भएको ७ दिनभित्र निजको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना दिइनेछ । साथै अन्य सिलबन्दी दरभाउपत्रदातालाई समेत यस्तो जानकारी गराइनेछ ।

(ज) सिलबन्दी दरभाउपत्र खोली स्वीकार गर्ने वा नगर्ने वा कुनै पनि समय वोलपत्र रद्द गर्ने सम्पूर्ण अधिकार बोर्डमा निहित रहनेछ ।

(ट) सिलबन्दी दरभाउपत्रको परीक्षण तथा मुल्याङ्कनको सिलसिलामा प्रष्ट हुनको लागि वोर्डले सिलबन्दी दरभाउपत्रदातासँग आवश्यक जानकारी तथा कागजात माग गर्न सक्नेछ । यसरी माग गरिएको जानकारी उपलव्ध गराउनु सम्बन्धित सिलबन्दी दरभाउपत्रदाताको कर्तव्य हुनेछ । तर, त्यस्तो जानकारीले सिलबन्दी दरभाउपत्रको मुल्य वा अन्य सारभुत कुरामा परिवर्तन वा हेरफेर गर्न सकिने छैन । साथै, यसरी माग गरिएको विवरण वा कागजातहरु उपलव्ध नगराएमा त्यस्तो सिलबन्दी दरभाउपत्रदाताको सिलबन्दी दरभाउपत्र रद्द गर्न सकिनेछ ।

## १.५ सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, कार्यसम्पादन जमानत र सम्झौता गर्ने सम्वन्धमा

१.५.१ सिलबन्दी दरभाउपत्रका शर्तहरु अनुसार छनौट भएको सिलबन्दी दरभाउपत्र स्वीकृत गरी सात दिनभित्र बोर्ड समक्ष सम्झौता गर्न आउन सुचित गरिनेछ ।

१.५.२ सिलबन्दी दरभाउपत्र स्वीकृत भएको सिलबन्दी दरभाउपत्रदाताले शर्त नं १.५.१ अनुसारको सूचना प्राप्त गरेको मितिले सात दिनभित्र आफूले कवोल गरेको मु.अ.कर समेतको रकमको कम्तिमा पाँच प्रतिशतले हुन आउने रकममा नघटाई यस बोर्डको लक्ष्मी बैंक लिमिटेड, लगनखेल शाखामा रहेको बोर्डको खाता नं. ०१८११०३३२१४ मा नगदै जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकले यस बोर्डको पक्षमा जारी गरेको न्युनतम १३ महिनाको मान्य अवधि भएको कार्य सम्पादन जमानत पेश गरी बोर्डसंग सम्झौता गरिसक्नु पर्नेछ ।

१.५.३ शर्त नं. १.५.२ वमोजिम कार्य सम्पादन जमानत वापतको रकम नगद जम्मा गर्ने भएमा सिलबन्दी दरभाउपत्र पेश गर्दा सिलबन्दी दरभाउपत्र जमानत वापत नगद जम्मा गरेको रहेछ भने नपुग हुन आएजति रकम मात्र जम्मा गरेमा समेत त्यस्तो कार्य सम्पादन जमानतलाई मान्यता दिइनेछ ।

१.५.४ सिलबन्दी दरभाउपत्र स्वीकृत भई सम्झौता गर्नसाथ तुरुन्तै सुरक्षाकर्मीहरु बोर्डमा खटाउनुपर्नेछ ।

## १.६ भुक्तानी सम्वन्धी व्यवस्था

१.६.१ विलको भूक्तानी मासिक रुपमा एकाउण्टपेयी चेक वा विद्युतीय माध्यमबाट गरिनेछ ।

१.६.२ प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने कर तथा दस्तुर सिलबन्दी दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ । विलको भूक्तानी गर्दा प्रचलित नियमानूसार कर कट्टी गरिनेछ ।

## १.७ सिलबन्दी दरभाउपत्रदातालाई कारवाही सम्बन्धी ब्यबस्था

१.७.१ स्वीकृत भएको सिलबन्दी दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र वमोजिमको सम्झौता गर्न नआएमा सिलबन्दी दरभाउपत्र पेश गर्दा सिलबन्दी दरभाउपत्र साथ पेश गरेको सिलबन्दी दरभाउपत्र जमानत र सम्झौता बमोजिमको कार्य नगरेमा बोर्ड समक्ष पेश गरेको कार्य सम्पादन जमानत जफत गरी त्यस्तो फर्मलाई कालोसूचीमा राख्न कारवाही अगाडि बढाइनेछ ।

## १.८ विविध ब्यबस्था

१.८.१ सिलबन्दी दरभाउपत्र स्वीकृत प्राप्त गर्ने सिलबन्दी दरभाउपत्रदातासंग सम्झौता सम्पन्न भएपछि सिलबन्दी दरभाउपत्रदाताहरुले सिलबन्दी दरभाउपत्र साथ पेश गरेको सिलबन्दी दरभाउपत्र जमानत विना व्याज फिर्ता (फुकुवा) गरिनेछ ।

१.८.२ सिलबन्दी दरभाउपत्रदाताले सम्झौताको बखत पेश गरेको कार्य सम्पादन जमानत सम्झौतापत्र बमोजिम मात्र फुकुवा गरिनेछ ।

१.८.३ सिलबन्दी दरभाउपत्र सम्वन्धी कुनै कुरा थप स्पष्ट हुनु परेमा यस बोर्डमा सम्पर्क राख्न सकिने छ ।

१.८.४ सिलबन्दी दरभाउपत्र सम्वन्धी शर्तहरु सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भएका विषयहरु यही सिलबन्दी दरभाउपत्र कागजात बमोजिम तथा सिलबन्दी दरभाउपत्रमा उल्लेख नभएका विषयहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४ र अन्य प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुनेछ ।

## २. मुल्याङ्कन र योग्यताका आधारहरु

### २.१ पूर्णताको परिक्षण

# नेपाल धितोपत्र बोर्ड

सुरक्षाकर्मी सेवा खरिद सम्बन्धी

**पूर्णताको परीक्षण फाराम ।**

| क्र.सं. | विवरण | कैफियत | |
|---|---|---|---|
| १. | सिलबन्दी दरभाउपत्र सिलबन्दी खाममा राखी पेश भए/नभएको | | |
| २. | फर्म/संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि गरेको/नगरेको | | |
| ३. | व्यवसाय गर्ने इजाजत पत्र र इजाजत पत्र नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि गरेको/नगरेको | | |
| ४. | स्थायी लेखा नम्बर(PAN) र मुल्य अभिबृद्धिकर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि गरेको/नगरेको | | |
| ५. | आर्थिक वर्ष २०७९/०८० को कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपि पेश गरेको/नगरेको | | |
| ६. | सिलबन्दी दरभाउपत्रदाताले प्रस्तावित खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धीत पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित स्वघोषणा पेश भए/नभएको | | |
| ७. | सिलबन्दी दरभाउपत्रदाताले बोर्डबाट आफ्नै नाममा खरिद गरेको सक्कलै सिलबन्दी दरभाउपत्र फाराममा सिलबन्दी दरभाउपत्र पेश गरे/नगरेको | | |
| ८. | सिलबन्दी दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्दा बोर्डले उपलब्ध गराएको सक्कल रसिद पेश गरे/नगरेको | | |
| ९. | सिलबन्दी दरभाउपत्रदाताको तर्फबाट सिलबन्दी दरभाउपत्र तथा सो सम्बन्धी कागजपत्रहरुमा दस्तखत गर्न र सिलबन्दी दरभाउपत्र सम्बन्धी कारवाहीमा भाग लिन प्रदान गरेको अख्तियारी पत्र पेश गरे/नगरेको | | |
| १०. | सिलबन्दी दरभाउपत्रदाताको तर्फबाट सक्कल सिलबन्दी दरभाउपत्र फाराम तथा सो संग सम्बन्धित कागजातहरुमा रीतपुर्वकको सही छाप तथा कम्पनीको छाप भए/नभएको | | |
| ११. | सिलबन्दी दरभाउपत्रसाथ तोकिएको रकम र मान्य अवधि भएको सिलबन्दी दरभाउपत्र जमानत पेश भए/नभएको | | |
| १२. | सिलबन्दी दरभाउपत्रदाताले बोल रकम नेपाली मुद्रामा उल्लेख गरे/नगरेको | | |
| १३. | नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी सिलबन्दी दरभाउ प्रस्ताव गरेको/नगरेको | | |
| १४. | बोर्डमा खटिने सुरक्षाकर्मीलाई श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी पारिश्रमिक प्रदान गर्ने प्रतिवद्धता पत्र पेश गरेको/नगरेको | | |
| १५. | सेवादाता फर्म वा कम्पनी विगत ७ वर्षदेखी सञ्चालनमा रहेको/नरहेको | | |
| १६. | विगत ३ आर्थिक वर्षमध्ये कम्तिमा २ वर्ष खुद सम्पत्ती धनात्मक रहेको/नरहेको | | |
| १७. | विगत २ वर्षमा सरकारी निकाय/संस्थामा सेवा प्रदान गरेको /नगरेको | | |
| १८. | विगत ३ वर्षको औषत कारोबार न्यूनतम् रु १० करोड भए/नभएको | | |
| १९. | कम्पनीले प्रचलित नियमानुसार स्वीकृति लिई आन्तरिक सञ्चार सेट ९ध्बपिष्भ(त्वपिष्भ० सञ्चालनमा ल्याएको/नल्याएको | | |
| २०. | सुरक्षााकर्मी सेवा प्रदान गर्ने कम्पनी अनिवार्य रुपमा सामाजिक सुरक्षा कोषमा आवद्ध/दर्ता भएको/नभएको | | |
| २१. | अंक र अक्षरमा त्रुटी भएको/नभएको | | |

| | | | |
|---|---|---|---|
| १९. | सिलबन्दी दरभाउपत्रदाताले उल्लेख गर्नुपर्ने भनि तोकेका विवरणहरु | | |

मुल्यांकनकर्ता :

दस्तखत :

नामः

पदः

## ३. सिलबन्दी दरभाउपत्र सम्बन्धी फारामहरु

## क. वित्तीय विवरण सम्बन्धी फाराम

| विगत ३ वर्षको वित्तीय विवरण (ने. रु. मा) | | | |
|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| **वासलात अनुसारको विवरण** (Information from Balance Sheet) | | | |
| **जम्मा सम्पत्ति** (Total Assets) | | | |
| **जम्मा वाह्य दायित्व** (Total Outsiders Liabilities) | | | |
| **खुद सम्पत्ति** (Net Worth) | | | |
| वित्तीय विवरण अनुमतिपत्र प्राप्त लेखापरीक्षकद्वारा लेखापरीक्षण गरिएको हुनु पर्दछ।<br>वित्तीय विवरणसंग सम्बन्धित सम्पूर्ण लेखा टिप्पणीहरु सहितको पूर्ण वित्तिय विवरण हुनु पर्दछ।<br>वित्तीय विवरणहरु समाप्त भएका आर्थिक बर्षहरुको र लेखापरीक्षण गरिएको हुनु पर्दछ (यहाँ आंशिक अवधिको वित्तीय विवरण माग गरिएको होइन र त्यस्ता आंशिक अवधिका वित्तीय विवरण स्वीकार पनि गरिने छैन)। | | | |

## ख. बार्षिक औषत कारोवार सम्बन्धी फाराम

| **विगत ३ वर्षको बार्षिक कारोबार** (Annual Turnover Data for the Last 3 Years) | |
|---|---|
| **बर्ष** | **रकम (ने. रु.)** |
| २०७७/७८ | |
| २०७८/७९ | |
| २०७९/८० | |
| जम्मा कारोवार | |
| बार्षिक औषत कारोवार (Average Annual Turnover) | |

# नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर ।

## सुरक्षाकर्मी सेवा आपूर्ति गर्ने बारेको सम्झौता-पत्र ।

नेपाल धितोपत्र बोर्ड (यस सम्झौतामा प्रथम पक्ष भनिएको) र श्री ……… ……………… ……………………………… (यस सम्झौतामा द्वितीय पक्ष भनिएको) का बीच बोर्डको कार्यालय सुरक्षाको लागि सुरक्षाकर्मी सेवा सम्बन्धमा प्रकाशित सिलबन्दी दरभाउपत्रको सूचना अनुरुप देहायको शर्तहरुको अधिनमा रही मासिक मु.अ.कर समेत रु.…………………………(अक्षरुपी ………………………………………………………मात्र) मा सुरक्षाकर्मी सेवा प्रदान गर्न, गराउन दुवै पक्ष सहमत भएकोले नेपाल धितोपत्र बोर्डको कार्यालयमा बसी तपसिलका साक्षीहरुको रोहवरमा प्रथम पक्ष र दोस्रो पक्ष बीच यस सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं, दियौं ।

१. सेवादाता वा सेवा प्रदायकले बोर्डको कार्यालयमा तीन जना सुरक्षाकर्मी विहान ८:०० बजे देखि बेलुका ८:०० सम्म १२ घण्टा र एक जना सुरक्षाकर्मी बेलुका ८:०० बजे देखि बिहान ८:०० सम्म १२ घण्टा को सेवा प्रदान गर्ने गरी जम्मा ४ (चार) जना सुरक्षाकर्मी सेवा उपलब्ध गराउनु पर्नेछ । थप संख्यामा सुरक्षाकर्मीहरु आवश्यक भएमा यसै दररेटमा नबढ्ने गरी थप संख्यामा समेत सुरक्षा सेवा दिनुपर्नेछ ।

२. यो सम्झौताको अवधि मिति २०८१।....।.....देखि २०८२।....।.....गते सम्म (एक वर्षको अवधिको) हुनेछ । शर्तहरु यथावत रहने गरी आगामी वर्षको लागि सम्झौता नविकरण गर्न सकिनेछ ।

३. द्वितीय पक्षले सम्झौता अनुसारको कार्य नगरेमा निजसंग भएको सम्झौता कुनैपनि समयमा भंग गर्नुका साथै सम्झौताका बखत राखेको कार्यसम्पादन जमानत रकम जफत गरी कालोसूचीमा राख्न सिफारिस गरिनेछ ।

४. सिलबन्दी दरभाउपत्र सम्वन्धी सूचना तथा सिलबन्दी दरभाउपत्र र यसका शर्तहरु यस सम्झौताका अभिन्न अंग हुनेछन् ।

५. दुवै पक्षको सहमतिमा यस सम्झौताका शर्तहरु थपघट वा संशोधन गर्न सकिनेछ ।

६. प्रथम पक्ष र द्वितीय पक्षका बीच यस सम्झौतापत्र वमोजिम कार्य गर्दा कुनै विवाद उत्पन्न भएमा वा सम्झौता अनुसार कार्य गर्दा कुनै वाधा अडकाउ परेमा दुवै पक्षले आपसी छलफलद्धारा उक्त विवादलाई समाधान गरिनेछ । कथंकदाचित आपसी छलफलद्धारा त्यस्ता विवादको समाधान हुन नसकेमा प्रचलित कानुन बमोजिम विवादको समाधान गरिनेछ ।

७. सिलबन्दी दरभाउपत्र सम्झौतामा उल्लेख भएका शर्तहरु वाहेकका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४ र अन्य प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुनेछ ।

**प्रथम पक्षको तर्फबाट**
**दस्तखत**:………………
**नाम**: ………………
**पद**: ………………

**बोर्डको छापः**

**द्वितीय पक्षको तर्फबाट**
**दस्तखत**: ……………
**नाम**: …………………
**पद**: …………………

**फर्म/कम्पनीको छापः**

**रोहवर/साक्षी**

**दस्तखतः** ………………
**नामः** ……………………….
**पदः** ……………………….
**बोर्डको छापः**

दस्तखतः ………………
नामः ……………………
पदः ……………………
छापः

**ईति सम्वत् २०८१ साल ……………महिना ……. गते रोज … शुभम् ।**